# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०८०/०८१

च.नं..:

मितिः २०८०/१०/१७

## नदीजन्य पदार्थ उत्खननको लागि घाट खुल्ला गरिएको सम्बन्धी सूचना !

प्रस्तुत विषयमा देवघाट गाउँपालिकाको मिति २०८०/०९/२३ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार वडा नं. ५ स्थित त्रिशुली नदी सेतीभतेरी घाटबाट नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का नलगाई आफैले बिक्री व्यवस्थापन गर्ने र बिक्री व्यवस्थापन गर्दा गाउँ कार्यपालिकाको कार्यालयको राजस्व इकाई/काउन्टरबाट प्रति घन मिटर रु. ४००/- (अक्षरुपी चार सय रुपैंया मात्र) का दरले रसिद काटेपछि नियन्त्रण टोकन दिने भनि गाउँपालिकाबाट निर्णय भएकोले देवघाट गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुने गरी मिति २०८०/१०/२१ देखि २०८०/१२/१० सम्मको लागि नदीजन्य पदार्थ उत्खनन बिक्री शुरु हुने व्यहोरा जानकारी गराइन्छ । साथै नदीजन्य पदार्थको व्यवस्थापनको लागि प्रयोग गरिने सवारी साधन सम्बन्धित वडा कार्यालयमा सूचिकृत गरी अघिल्लो दिन नै कार्यालयबाट नियन्त्रण टोकन लिनु हुन समेत अनुरोध गरिन्छ । यस बिक्री व्यवस्थापनमा परिमाण नियन्त्रण गर्न तथा चोरी कार्य रोक्नको लागि सम्बन्धित सबैमा सहयोगको अपेक्षा गरिएको छ ।

कुल उत्खनन गर्न सकिने परिमाण: १७,१६० घ.मि.
उत्खनन प्रविधी: श्रममुलक प्रविधि
उत्खनन समय: विहान ६ बजे देखि बेलुका ६ बजे सम्म

२०८०/१०/१७

गौरी प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गौरी प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०५६-५०००६८, ५०००७२
इमेलः devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइटः devghatmun.gov.np